# ११ आराधनामा एकता

***यस अध्यायका मूल पदहरू*** प्रकाश ४:८,११, मत्ती ४:८,९, दानिएल ३:८-१८, प्रकाश १४:९, प्रकाश १४:६,७ र प्रेरित ४:२३-३१।

***यस अध्यायको मूल सार पद*:** **"अनि आकाशको बीचमा अर्को स्वर्गदूत उडिरहेको मैले देखें। संसारमा रहेको प्रत्येक राष्ट्र, जाति, भाषा र मानिसहरूको निम्ति अनन्तको सुसमाचार उक्त स्वर्गदूतसँग थियो। उनले उच्च स्वरले यो आवाज निकाल्दै आकाशमा घुमे, "परमेश्वरको भय मान वा उहाँप्रति श्रद्धा देखाऊ। उहाँको महिमा गर किनभने न्यायको समय आएको छ। सारा जगत, पृथ्वी, समुद्र र पानीका मुहानहरू सृष्टि गर्नुहुने परमप्रभु परमेश्वरको आराधना गर" (प्रकाश १४:६,७ रूपान्तरित)।**

पेन्टिकोस्टको समयमा पवित्र आत्माको वर्षापछि सुरुका विश्वासीहरूले परमेश्वरको आराधना र स्तुति गर्न धेरै जसो समय बिताएका थिए। प्रेरित २:४२मा भनिन्छ " ४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।" येशू ख्रीष्ट नै मसीह हुनुहुन्छ भन्ने आत्मज्ञानले तिनीहरू अत्यन्त आनन्दित भएका थिए। पुरानो करारमा उल्लेख गरिएको भविष्यवाणी पूरा गर्न उहाँ नै आउनुभएको थियो भन्ने थाहा पाएर तिनीहरू परमेश्वरप्रति आभारी भएका थिए र तिनीहरूका हृदयहरू उहाँलाई धन्यवाद दिन भरिएका थिए। तिनीहरूले यो अचम्मको सत्य आत्माज्ञान थाहा पाउनलाई ठूलो अवसरको रूपमा लिएका थिए। येशूको जीवन, मृत्यु र पुनरुत्थानलाई परमेश्वरले प्रकट गराउनुभएकोले र तिनीहरूको जीवनमा उहाँले के गर्नुभयो सोप्रति आभारी भएर उहाँलाई धन्यवाद दिन सुरुका विश्वासीहरू एक जुट भएर सङ्गति गर्न, बाइबल अध्ययन गर्न र प्रार्थनामा समय बिताउनुपर्ने आवश्यकता तिनीहरूले महसुस गरेका थिए।

येशू ख्रीष्टको चर्च भनेको के हो भनेर परिभाषा दिनुपर्दा त्यो परमेश्वरको आराधना गर्ने समाज हो भनेर देखाउनु आवश्यक थियो। "आत्मिक घर हुन, पवित्र पुजारी बन्न र येशू ख्रीष्टद्वारा परमेश्वरलाई ग्रहण योग्य आत्मिक बलिहरू दिन" (१ पत्रुस २:५ रूपान्तरित) विश्वासीहरूलाई बोलाइएको थियो। जब विश्वासीहरू एक भएर परमेश्वरप्रति आभारी भएको

भावनाहरू व्यक्त गर्दछन् तब तिनीहरूको हृदय आमूल रूपमा परिवर्तन हुन्छ र तिनीहरूको स्वभावमा परमेश्वरको चरित्र प्रतिबिम्बित भएको देखाउँछ र उहाँको सेवाकार्यको निम्ति तिनीहरू तयार हुन्छन्।

परमेश्वरको स्तुति, आराधना, उपासना वा पुजा गर्नुको अर्थ के हो र त्यसले गर्दा येशूका विश्वासीहरूमा हुने एकता कसरी सुरक्षित हुन्छ भन्ने विषयबस्तु यस अध्यायमा हेर्नेछौं।

## १. हामीहरूको सृष्टिकर्ता र मुक्तिदाताको आराधना

जब हामी परमेश्वरको आराधना वा उपासनाको बारेमा चर्चा गर्छौं तब आराधनामा के के कुरा समावेश हुनुपर्छ र कसरी गर्ने भन्ने कुराहरूलाई प्राथमिकता दिन्छौं। तर यथार्थमा आराधनाको गहिरो वा गम्भीर अर्थ के हो त? सृष्टिकर्ता परमेश्वरलाई नै आराधना गर्नुको अर्थ के हो त? र आरधानामा हामीहरूले के के गर्ने? भजन २९:१,२मा दाउदले यसरी व्यक्त गर्दछन्, "१ हे परमेश्वरका बरिष्ठ (जनहरू) हो, परमप्रभुकै गुणानुवाद गर, परमप्रभुलाई महिमा र शक्तिको श्रेय देओ। २ परमप्रभुको नाउँलाई सुहाउँदो महिमाको श्रेय उहाँलाई देओ। उहाँको पवित्रताले सुशोभित भएर परमप्रभुको आराधना गर।" आराधनाको अर्थ बुझ्न यस भजनले हामीलाई ठिक निर्देशनतिर औंल्याउँछ। परमेश्वरको महिमा गर्नु र उहाँले पाउनुपर्ने आदर दिनु नै परमेश्वरको आराधना गर्नु हो।

**प्रकाश ४ र ५मा परमेश्वर र परमेश्वरको थुमा येशूको आराधना जगतका जीवनहरूले गर्नुपर्ने कारणहरू के के छन् भनेर औंल्याएको छ। विशेष गरेर प्रकाश ४:८,११, ५:९-१३ पढ्नुहोस्: "१ यसपछि मैले हेरें, र स्वर्गमा एउटा ढोका देखें, जो खुला थियो। मैले पहिले सुनेको सोर तुरहीको जस्तो आवाजमा मसँग यसरी बोलिरहेको थियो– "यतामाथि आऊ, र अब यसपछि जुन कुराहरू हुनुपर्छ सो म तिमीलाई देखाउनेछु।" २ म तुरुन्तै आत्मामा भएँ। हेर, स्वर्गमा एउटा सिंहासन थियो, र एक जना त्यस सिंहासनमा विराजमान हुनुहुन्थ्यो। ३ त्यहाँ विराजमान हुनुहुनेको मुहार बिल्लौर र लालमणिजस्तै देखिन्थ्यो, र सिंहासनको वरिपरि पन्नाजस्तो इन्द्रेनी थियो। ४ त्यस सिंहासनको वरिपरि चौबीस सिंहासनहरू थिए, र शिरमा सुनका मुकुटहरू र सेता पोशाकहरू पहिरेका चौबीस जना धर्म-गुरुहरू ती सिंहासनमा बसेका मैले देखें। ५ त्यस सिंहासनबाट बिजुलीहरू, आवाजहरू र गर्जनहरू निस्केर आउँथे, र त्यस**

सिंहासनको सामुन्ने आगोका सात वटा बत्तीहरू बलिरहेका थिए। यी परमेश्वरका सात आत्माहरू हुन्। ६ सिंहासनको अगि स्फटिकतुल्य काँचको समुद्रजस्तो थियो। अगाडि र पछाडि जम्मै आँखै-आँखा भएका चार वटा जीवित प्राणी सिंहासनको वरिपरि र चारैपट्टि थिए। ७ पहिलो प्राणी सिंहजस्तै थियो, दोस्रो प्राणी बहरजस्तै, तेस्रो प्राणीको अनुहार मानिसको जस्तै र चौथो प्राणी उड़िरहेको गरुडजस्तै थियो। ८ ती चारै वटा प्राणीका छ-छ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए। दिनरात तिनीहरू नथामिकन यसो भन्दै गाइरहन्छन्, "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ।" ९ जब-जब ती जीवित प्राणीहरूले सिंहासनमा विराजमान हुनुहुने र जो सदासर्वदा जीवित रहनुहुन्छ, उहाँलाई महिमा, आदर, धन्यवाद चढ़ाउँछन्, १० तब ती चौबीस जना धर्म-गुरुहरू सिंहासनमा विराजमान हुनुहुनेको सामुन्ने घोप्टो पर्दछन्, र सदासर्वदा जीवित रहनुहुनेलाई दण्डवत् गर्दछन्, र तिनीहरूका आफ्ना-आफ्ना मुकुट सिंहासनको सामुन्ने राखेर यसरी गाउँछन्: ११ "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" (प्रकाश ४) र "१ सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीमा भित्र र बाहिरपट्टि लेखिएको एउटा चर्मपत्रको मुट्ठो मैले देखें, जो सात वटा मोहोर लगाएर बन्द गरिएको थियो। २ अनि एउटा बलवान् स्वर्गदूतलाई ठूलो आवाजले यसो भनिरहेको मैले देखें, "यो मुट्ठो खोल्न र यसका मोहोरहरू तोड्न योग्य को छ?" ३ स्वर्गमा अथवा पृथ्वीमा वा पृथ्वीमुनि यो चर्मपत्रको मुट्ठो खोल्न वा त्यसभित्र हेर्न सक्ने कोही थिएन। ४ कोही पनि त्यो चर्मपत्रको मुट्ठो खोल्ने अथवा त्यसभित्र हेर्ने योग्यको नपाइएको हुनाले म खूबै रोएँ। ५ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" ६ तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा सीङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्। ७ उहाँ जानुभयो, र सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीबाट त्यो मुट्ठो लिनुभयो। ८ जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको

**हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाएः "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।" ११ तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" १३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, "सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।" १४ तब ती चारै जीवित प्राणीले भने, "आमेन।" अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे।" (प्रकाश ५)।**

स्वर्गको सिंहासन भएको कोठामा रहनु भएको परमेश्वरको थुमा र संसारको मुक्तिदाता भनेर चिनारी दिंदै आराधनाको चित्रण गरेको कुरा अत्यन्त श्रद्धामय र प्रेरणादायी छ। परमेश्वरको सृष्टिले उहाँले के गर्नुभयो त्यसप्रति आभारी भएर उहाँको स्तुति शब्दहरूद्वारा जब व्यक्त हुन्छ तब आराधना हुन्छ। परमेश्वरको सृष्टि र उहाँले दिनुहुने मुक्तिप्रति जब मानिस कृतज्ञ हुन्छ तब आराधना हुन्छ। आराधना गर्नु भनेकै परमेश्वरको कामको आत्मज्ञान थाहा पाएर उहाँप्रति भावपूर्ण आभार व्यक्त गर्नु हो। संसारको अन्तको समयमा परमेश्वरबाट उद्धार पाएकाहरूले उहाँको मुक्तिको प्रत्युउत्तरमा उहाँको स्तुति गर्नेछन्। "३ तिनीहरूले यसो भनेर परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्। ४ हे परमप्रभु, तपाईंको डर कसले मान्दैन? र तपाईंका नाउँको महिमा कसले गर्दैन? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै जातिले आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।" प्रकाश १५:३-४।

त्यसकारण परमेश्वरको आराधना गर्नु वा उपासना गर्नु भनेकै परमेश्वरप्रति हामीहरूले विश्वास र आस्था राखेर उहाँको शक्तिशाली कामप्रति

आभार व्यक्त गर्नु हो। प्रथमतः उहाँले हामीलाई सृष्टि गर्नुभयो र दोस्रोमा उहाँले हामीलाई उद्धार गर्नु भयो। आराधनामा हुनुपर्ने तत्वहरू समावेश हुनुपर्छः स्तुति, भावपूर्ण श्रद्धा वा आदर व्यक्त, प्रशंसा, प्रेम र उहाँको आज्ञा सिरोपर गर्ने प्रतिबद्धता। किनभने यी सबै कुराहरू पाउन उहाँ योग्यको हुनुहुन्छ। परमेश्वर हाम्रो सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर उहाँको बारेमा हामीलाई थाहा पाउने मूल स्रोत नै पवित्र धर्मशास्त्र बाइबल हो। अझ परमेश्वर को हुनुहुन्छ भनेर पूरा जान्न येशूको व्यक्तित्व र उहाँको सेवाकार्यबाट प्रकट गरिएको छ भनेर येशूभक्तहरूले जान्दछन् (६ "येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन। ७ तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ। अबदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ।" ८ फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई पुग्छ।" ९ येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' १० म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। ११ मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर। १२ "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु। १३ तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। १४ तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु।"यूहन्ना १४:६-१४)। येशूको बलिदान र पुनरुत्थान नै आराधनाको मूल केन्द्रविन्दु भएकोले उहाँलाई उहाँका भक्तहरूले उहाँ मुक्तिदाता र उद्धारकर्ता भनेर उहाँको आराधना गर्दछन्।

जब येशूका भक्तहरू उहाँको आराधना गर्न भेला हुन्छन् तब त्यो भेल कुनै सामाजिक अन्तरक्रिया गर्ने थलो नमानि परमेश्वरको उपस्थितिको अनुभव गर्दै उहाँप्रति सम्मान देखाउँदै हामीहरूको आराधनाको सेवाकार्य सुरु गर्नुपर्छ।

हामीहरूको सृष्टिकर्ता र मुक्तिदाता हुनुभएर ख्रीष्टले हामीलाई के दिनुभयो, उहाँले हामीलाई के बाट जोगाउनुभयो र हामीहरूको सट्टामा मर्नुभएर उहाँले हामीलाई के दिन चाहनुहुन्छ सो को बारेमा सोच्नुहोस्। सबै खालका हाम्रा आराधनाहरूको जग नै ती सत्यहरू किन हुनुपर्छ?

## २. गलत उपासना वा आराधना

शैतानले येशूलाई मरुभूमिमा परीक्षा गर्दा तिन वटा कुरामा परिक्षा गरेको थियो। तिनमा तेस्रोचाहीं के? हेर्नुहोस् मत्ती ४:८-१० "८ फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, ९ र उहाँलाई भन्यो, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।" १० तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तँ दूर होइजा! किनभने लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।"

प्रभु येशूले सृष्टि गर्नुभएको यस पृथ्वीलाई जबरजस्ती कब्जा गरेर शैतानले आफ्नो राज्य भनेर दावी गरेको थियो। जब येशू ४० दिन उपबास बसिसकेपछि उहाँको अत्यन्त कमजोर अवस्थाको मौका उठाइ अत्यन्त घमण्ड र अभिमानले फुलेर आएर शैतानले उहाँलाई फसाउन खोज्यो। आफू यस संसारको शासक, यसको सबै महिमा र सम्पत्ति उसको हो, यस संसारमा रहेका सबै मानिसहरूको सम्मान र आदर उसले पाएको हो भनेर उसले दावी गरेको थियो। यस संसारको सृष्टकर्ता आफू नै हो भनेर शैतानले देखाउन खोजेको थियो। सृष्टिकर्ता परमेश्वरको उसले सरासार बेइज्जत गरेको थियो। कसैको आराधना, उपासना, पूजा गर्नु भनेको के हो सो शैतानलाई ठ्याक्कै थाहा छ भनेर उसले प्रकट गरेको थियो। यस जगतको सृष्टिकर्ता नै यस पृथ्वी र जगतको स्वामी हुनुभएकोले उहाँमात्र सबैको श्रद्धा, आदर, भक्ति, दण्डवत् र सम्मान पाउनु योग्य हुनु पर्नेमा शैतानले अरूबाटमात्र होइन मानव जीवन लिनुभएको येशूबाट पनि आफूलाई ढोग्न माग गरेको थियो।

दानिएल ३ अध्यायमा तीन साथीहरूले राजा नबूकदनेसरबाट ठूलो चुनौतिको सामना गर्नु परेको थियो। त्यो केहो भनेर पद ८-१८मा प्रस्तुत गरिएको छ। त्यही खालको चुनौतिको सामना प्रभुका विश्वासी जनहरूले अन्तको समयमा गर्नुपर्नेछ भनेर प्रकाश १३:४ र १४:९-११मा उल्लेख गरिएको छ। तीन हिब्रू साथीहरूले, येशूले र अन्तिम समयमा परमेश्वरका

जनहरूले सामना गर्नुपर्ने तत्व के हो जसले गर्दा हामी कस्को पक्षमा छौं भनेर खुलारूपमा देखाउँछ? हेर्नुहोस्: "१ राजा नबूकदनेसरले तीस मिटर अग्लो र तीन मिटर चौड़ा भएको सुनको एक मूर्ति बनाए र त्यसलाई बेबिलोनको प्रदेशमा स्थित दूरा नाम गरेको मैदानमा स्थापना गरे। २ त्यसपछि उनले त्यस मूर्ति अर्पण गर्नलाई प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यपाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरूलाई भेला गरे। ३ यसकारण प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यकाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरू राजा नबूकदनेसरले खड़ा गरेको त्यस मूर्तिलाई अर्पण गर्न भेला भए र त्यसको अगि उभिए। ४ तब सो कुराको घोषणा गर्नेले चर्को स्वरमा कराएर भन्यो, "हे मानिसहरू, जातिहरू र विभिन्न भाषा बोल्नेहरू, तिमीहरूलाई यो हुकुम भएको छः ५ तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाको स्वर सुन्ने बित्तिकै राजा नबूकदनेसरले स्थापना गर्नुभएको सुनका मूर्तिको अगि घोप्टो परेर तिमीहरू सबैले दण्डवत् गर्नुपर्छ। ६ घोप्टो परेर दण्डवत् नगर्ने जोसुकै पनि तुरुन्तै दन्किरहेको आगोको भट्टीमा फालिनेछ।" ७ यसैकारण नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्ने बित्तिकै विभिन्न भाषा बोल्ने जाति-जातिका मानिसहरू सबैले घोप्टो परेर नबूकदनेसर राजाले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत् गरे। ८ यसै बेला केही ज्योतिषीहरू अगि सरेर यहूदीहरूका विरुद्धमा अभियोग लगाए। ९ तिनीहरूले राजा नबूकदनेसरलाई भने, "महाराजा, अमर रहून्! १० हजूरले हुकुम गर्नुभएको छ, कि हरेक जसले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्छ, त्यसले घोप्टो परेर सुनको मूर्तिलाई दण्डवत् गर्नुपर्छ। ११ अनि जसले घोप्टो परेर दण्डवत् गर्दैन, उसलाई दन्किएको आगोको भट्टीमा फालिनेछ। १२ तर केही यहूदीहरू छन्, जसलाई हजूरले बेबिलोनको प्रान्तमाथि शासन गर्न नियुक्त गर्नुभयो, जसका नाउँ शद्रक, मेशक र अबेद्नगो हुन्। हे महाराजा, यिनीहरूले हजूरलाई टेर्दैनन्। यिनीहरू न त हजूरका देवताहरूलाई पुज्छन्, न हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्छन्।" १३ रिसले चूर भएर नबूकदनेसरले शद्रक, मेशक र अबेद्नगोलाई ल्याउने हुकुम गरे। यसकारण यी मानिसहरू राजाकहाँ ल्याइए, १४ र नबूकदनेसरले तिनीहरूलाई भने, "ए शद्रक, मेशक अबेद्नगो, के यो कुरा

सत्य हो, कि तिमीहरू मेरा देवताहरूको सेवा गर्दैनौ वा मैले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत् गर्दैनौ? १५ अब यदि तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको आवाज सुन्ने बित्तिकै मैले बनाएको मूर्तिलाई दण्डवत् गर्न तयार भयौ भने धेरै राम्रो हुनेछ। तर यदि तिमीहरूले यसलाई दण्डवत् गरेनौ भने, तुरुन्तै दन्किरहेको आगोको भट्टीमा तिमीहरू फालिनेछौ। तब कुन देवताले तिमीहरूलाई मेरो हातबाट बचाउन सक्ला?" १६ शद्रक, मेशक, र अबेद्नगोले राजालाई जवाफ दिए, "हे नबूकदनेसर, यससम्बन्धमा हजूरको अगि हाम्रो आफ्नै पक्षमा भन्नुपर्ने आवश्यकता केही छैन। १७ हे महाराजा, यदि हामीहरू दन्किरहेको आगोको भट्टीमा फालियौं भने, हामीले सेवा गरेका परमेश्वरले हामीलाई यसबाट बचाउन सक्नुहुनेछ र हजूरको हातबाट छुटकारा दिनुहुनेछ। १८ तर हामीलाई उहाँले यसो नगर्नुभए तापनि, हे महाराजा, हजूरका देवताहरूको सेवा गर्नेछैनौं न त हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्नेछौं भनी हजूरलाई थाहा होस् भन्ने हामी चाहन्छौं।"

१९ तब शद्रक, मेशक र अबेद्नगोसित नबूकदनेसर रिसले चूर भए, र तिनीहरूप्रति उनको धारणा बद्लियो। उनले त्यस आगोको भट्टीलाई साधारणभन्दा सात गुणा चर्काउने हुकुम गरे, २० र उनका सेनाको सबभन्दा बलिया सिपाहीहरूमध्ये कोहीलाई शद्रक, मेशक र अबेद्नगोलाई बाँधेर दन्किएको आगोको भट्टीमा फ्याँकिदिन भनी आज्ञा गरे। २१ तब यी मानिसहरू दौरा, सुरुवाल, टोपी र अन्य लुगाहरूसित बाँधिएर दन्किरहेको आगोको भट्टीमा फ्याँकिए। २२ राजाको हुकुम यति जरूरी थियो र आगोको भट्टी यति तातो थियो कि आगोको ज्वालाले शद्रक, मेशक र अबेद्नगोलाई लैजाने सिपाहीहरूलाई भस्म पा‍र्‍यो, २३ अनि यी तीन जना मानिसहरू दह्रिलो रूपमा बाँधिएकै अवस्थामा दन्किरहेको आगोको भट्टीमा परे। २४ त्यसपछि राजा नबूकदनेसरले आश्चर्यचकित हुँदै उफ्रेर आफ्ना सल्लाहकारहरूलाई सोधे, "के हामीले बाँधेर आगोमा फालेका तीन जना मानिसहरू होइनन् र?"

उनीहरूले जवाफ दिए, "निश्चय नै हो, महाराजा।" २५ उनले भने, "हेर त, आगोभित्र चार जना मानिसहरू वरिपरि हिँड्रिरहेका देख्दछु, तिनीहरू नबाँधिएका र कुनै हानि नभएका देखिन्छन्, र त्यो चौथोचाहिँ देवताहरूको पुत्रजस्तै देखिन्छ।" २६ तब नबूकदनेसरले दन्किएको आगोको भट्टीको ढोका नजिक गएर चिच्च्याए, "हे शद्रक, मेशक र अबेद्नगो, सर्वोच्च परमेश्वरका सेवक

हो, बाहिर निस्केर आओ।" तब शद्रक, मेशक र अबेद्नगो आगोबाट बाहिर निस्केर आए, २७ अनि प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र सल्लाहकारहरू तिनीहरूका वरिपरि भीड़ लागे। उनीहरूले देखे कि आगोले तिनीहरूका शरीरमा हानि पुऱ्याएको थिएन, न त तिनीहरूका शिरको रौं नै खहरिएको थियो, तिनीहरूका लुगालाई आगोले छोएको थिएन र तिनीहरूमा आगोको कुनै गन्धैसमेत थिएन। २८ त्यसपछि नबूकदनेसरले भने, "शद्रक, मेशक र अबेद्नगोका परमेश्वरलाई प्रशंसा होस्, जसले आफ्ना दूतलाई पठाएर आफ्ना सेवकहरूलाई छुटकारा दिनुभयो। तिनीहरूले उहाँमाथि विश्वास गरे, र राजाको हुकुमलाई अस्वीकार गरी आफ्ना परमेश्वरलाई छोड़ेर कुनै देवतालाई सेवा गर्नु वा दण्डवत् गर्नुभन्दा बरु आफ्ना जीवन दिन तयार भए। २९ यसकारण म यो उर्दी दिँदैछु कि कुनै पनि जातिका वा कुनै पनि भाषा बोल्ने मानिसहरूले शद्रक, मेशक र अबेद्नगोका परमेश्वरको विरुद्धमा केही भन्छन् भने, उनीहरू टुक्रा-टुक्रा पारी काटिनेछन् र उनीहरूका घर उजाड़ पारिनेछन्, किनभने यसरी कुनै पनि अर्को देवताले बचाउन सक्दैनन्।" ३० त्यसपछि राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रान्तमा पदोन्नति गरिदिए।" (दानिएल ३), "मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?" (प्रकाश १३:४) र "९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" (प्रकाश १४:९-११)

कैयन र हाबेलको समयदेखि बेबिलोनमा युद्ध बन्धक भएर बेबिलोन अर्थात् आधुनिक इराकको राजा **नबूकदनेसर**को राज्यमा सेवा गरिरहेका तीन यहूदी साथीहरूसम्म र युगको अन्तसम्म शैतानले सबै मानिसहरूको आराधना गर्ने प्रणालीलाई आफूतिर खिँचिरहेको पाइन्छ। "पशुको छाप"ले (प्रकाश १६:२) ल्याउने विगविगी त कायमै छ तर मानिसहरूको पूजा वा आराधना

गरिने योग्य ठहरिनुभएको सत्य परमपिता सनातन सृष्टिकर्ता परमेश्वरबाट बढो चलाखिकासाथ मानिससहरूको ध्यान आफूतिर फर्काउने कला शैतानले अपनाइरहेको छ। यस जगतमा पापको प्रवेश हुनुभन्दा अघि शैतान परमेश्वर जस्तै हुन खोजेको थियो (यशैया १४:१४)। राजा **नबूकदनेसर**ले निर्माण गरेको ३० फुटे देवतालाई ढोग्न तीन यहूदी युवाहरूलाई हुकुम दिँदा तिनीहरूले नमान्दा तिनीहरूलाई आगोको भट्टीमा फालेर मार्ने धम्की दिए जस्तै संसारको अन्तमा शैतानले आदेश दिएको उनको मूर्ती वा प्रतीकलाई ढोग्न वा आत्मसात् गर्न नमान्दा परमेश्वरको भक्त जनहरूलाई पनि मार्ने धम्की दिने आदेशलाई कुनै संयोगको रूपमा मात्र लिनु उचित देखिँदैन। सत्य परमेश्वरको आराधना वा उपासना गर्न आह्वान गर्दा गर्दै उहाँको सट्टामा अरू कुनै प्रतीक, मूर्ति वा अवधारणालाई किन पुज्ने?

"बेबिलोनको डुरा भन्ने टुँडिखेलमा ती यहूदी युवाहरूले पाएको अनुभवबाट हामी सबैले महत्त्वपूर्ण पाठह सिक्नुपर्दछ।...परमेश्वरका जनहरूलाई उहाँप्रति बफादारी जनाउन आह्वान गरिने क्रममा शैतानका मतियारहरूले तिनीहरूलाई केही समय आतङ्कित बनाउन खोज्नेछन् तर सत्यमा रहने तिनीहरूको विश्वास डगमगिने छैन। तिनीहरूको आराध्य केन्द्र केवल परमपिता परमेश्वरमात्र हुनुहुन्छ। त्यसकारण कुनै धम्की होस् वा ज्यानलाई जोखिम पार्ने आदेश होस्, कुनै झुठो आराधना गर्ने प्रणाली वा मानव निर्मित धर्मलाई पुज्न वा ढोग्न परमेश्वरका जनहरूले सम्झौता गर्नुहुँदैन। परमेश्वरका भक्तहरूको हृदय सनातन परमेश्वरका वचनहरूले भरिएको हुनाले ती वचनहरूको सामु पापी र नाश हुने मानिसहरूको आदेश महत्त्वहीन हुनेछ। झ्यालखानामा पर्नुपरेतापनि, देश निकाला वा निर्वासित जीवन बिताउनु परेतापनि वा मृत्यु कै सामना गर्नु परेतापनि परमेश्वरका सत्यवादी जनहरूले उहाँको सत्यको पालना गरिरहनेछन्।" एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ५१२, ५१३बाट रूपान्तरित।

**हामीहरूको आराधनाको योग्य परमेश्वरबाहेक अरू कुनैलाई पुजा गर्ने वा पछ्याउने प्रवृत्ति हामीहरूको सामु हरदम खडा भइरहेको हुन्छ। सोच्नुहोस्, कुनकुन त्यस्ता तत्वहरू छन् जसप्रति हामीहरूको झुकाव छ? हामीले महसुस गरेको भन्दा गलत भगवानलाई पुजा गर्ने चलन चलाखीका साथ भित्रिएर हामीलाई कसरी धरापमा पार्न सक्छ? अहिले नै त्यस्ता के तत्वहरू छन् जुन परमेश्वरलाई भन्दा तिनीहरूलाई हामीले प्राथमिकता हामीले दिइरहेकाछौं?**

## ३. प्रथम् स्वर्गदूतको सन्देश

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले सिकाउने विभिन्न विशेष शिक्षादीक्षाहरूमा प्रकाश १४:६-१२मा उल्लेखित तीन स्वर्गदूतहरूको सन्देशहरू पनि हो। येशू ख्रीष्टको आगमन हुनुभन्दा पहिले संसारलाई दिनुपर्ने सन्देश र लक्ष्य के हो (प्रकाश १४:१४-२०) भनेर ती स्वर्गदूतहरूले आह्वान गरेका वचनहरू सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति मूल सन्देश भएको छ। ती स्वर्गदूतहरूले दिएका महत्त्वपूर्ण सन्देशहरू नै सारा संसारका मानिसहरूलाई ठूलो स्वरले सुनाउनु सेभेन्थ-डे एडभेन्टिस्टहरूले आफ्नो जिम्मेवारी ठानेका छन्।

**प्रथम स्वर्गदूतको सन्देश के हो? उनको सन्देशले परमेश्वरको बारेमा के भन्छ? परमेश्वरलाई गर्नुपर्ने आराधना र दण्डवतलाई उक्त सन्देशले किन औँल्याइएको छ? हेर्नुहोस् "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को स्वरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:६-७।**

तीन स्वर्गदूतहरूमध्ये पहिलो स्वर्गदूतले गरेको घोषणा कुनै निश्चित जाति, धर्म, राष्ट्र, समूह, वर्ण, लिङ्ग आदिलाई नभएर संसारमा रहने वा जन्मिने प्रत्येक मानिसको निम्ति हो। येशूले मत्ती २४:१४मा येशूले गर्नुभएको भविष्यवाणी उक्ति स्वर्गदूतले पूरा गर्छन् (१४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।" मत्ती २४:१४)। स्वर्गदूतहरूले सम्बोधन गरेका सन्देशहरू सत्य र अतिआवश्यक भएको चित्रण गरिएको छ। स्वर्गदूतहरूको पहिलो सन्देशले परमेश्वरतिर ध्यान आकर्षित गराउँछन् र भन्छन् "परमेश्वरप्रति श्रद्धा देखाओ, उहाँको महिमा गर किनभने न्यायको समय आएको छ" (प्रकाश १४:७)। येशूको दोस्रो आगमनले न्यायको निम्ति उत्प्रेरित अर्थात् अग्रसर गराउँछ।

स्वर्गदूतले भन्छन् "परमेश्वरको भय मान" (प्रकाश १४:७)। जुन मानिसहरूले परमेश्वरलाई गम्भीररूपमा वा श्रद्धापूर्वक मान्दैन तिनीहरूको निम्ति त्यस स्वर्गदूतको सन्देशले तिनीहरूको मनमा डर उत्पन्त गराउँछ। तर जो येशूका अनुयायीहरू हुन् तिनीहरूको दिमागमा त्यस सन्देशले परमेश्वरलाई

आदर, श्रद्धा र भक्ति सृजना गर्न आह्वान गरिएको हुन्छ। तिनीहरूले परमेश्वरलाई हेर्दछन् र उहाँको प्रतिज्ञा पूरा भएको देख्दछन्। परमेश्वरप्रति अत्यन्त आभारी भएर भावपूर्ण श्रद्धाले तिनीहरूको दिमाग ओगटेको हुन्छ।

"र सारा स्वर्ग, पृथ्वी, समुद्र र पानीका मुहानहरू सृष्टि गर्नु हुने परमेश्वरको पूजा गर, आराधना गर। उहाँलाई ढोग" (प्रकाश १४:७ रूपान्तरित)। यहाँ उल्लेख गरिएको भाषाले सबाथप्रतिको आज्ञालाई स्पष्टरूपमा औँल्याइएको पाउँछौँ। किनभने सृष्टिकर्ता परमेश्वरले दिनुभएको बिश्रामदिनलाई पालन गर भनेर साबथको आज्ञाले निर्देशन दिएको छ (प्रस्थान २०:८-११ "८ “शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" प्रस्थान २०:८-११)। सारा थोकलाई सृष्टि गर्नुहुने सृष्टिकर्ता परमेश्वरले सबाथलाई स्थापना गर्नुभयो। उहाँको सृष्टिको शक्तिलाई सम्झाउन स्मारकको रूपमा शबाथ रहेको छ। त्यही शबाथको परमेश्वरको आराधना गर्नपर्छ र उहाँलाई श्रद्धा देखाउनुपर्छ।

परमेश्वर र शैतानको बीचमा भइरहेको महान् बिवाद वा अन्तरद्वन्द्वको बिषयबस्तु नै मानव जात वा सृष्टिले कसको पूजा गर्ने वा कसलाई ढोग्ने भन्ने विषयमा तानातान भइरहेको छ। संसारको अन्तमा पनि मानव जाति कसप्रति बफादार भएर कसको पूजा गर्ने भन्ने विषयमा आफ्नो पहिचान गराउनुपर्ने विषय रोचक नै मान्नुपर्छ। सारा जगतव्यापी वा विश्वव्यापी घोषणा नै सृष्टिकर्ता परमेश्वरको मात्रै उपासना गर भनिएको छ।

"युगको अन्तमा आउने सङ्कटको विषयबस्तुको केन्द्रबिन्दु नै मानिसले कसको पूजा गर्ने वा कसलाई परमेश्वर मानेर ढोग्ने भन्ने हुनेछ। कसको आराधना नगर्ने होइन तर कसको आराधना वा पूजा गर्ने भन्ने निर्णायक विषयलाई प्रकाशको पुस्तकले स्पष्ट पारेको छ। युगको अन्तमा केवल दुई समूहमात्रै यस संसारमा खडा हुनेछन्: जो सत्य परमेश्वरको भय मान्छन् र उहाँको पूजा गर्छन् (प्रकाश ११:१,१८,१ १४:७) र जसले सत्यलाई घृणा

गर्छन् वा पन्छाउँछन्, शैतानलाई र उसले परिचालन गर्ने पशुलाई "तपाईं नै परमेश्वर हुनुहुन्छ" भनेर पूजा गर्छन् वा भक्ति देखाउँछन् (प्रकाश १३:४-८, १४:९-११)।..."यदि संसारको अन्तमा हुने अन्तिम संघर्षको मूल विषयबस्तु कसको पूजा गर्ने वा कसको भक्त हुने भन्ने भएकोले सारा संसारका मानिसहरूले सृष्टिकर्ता परमेश्वरलाईमात्र पूज भनेर घोषणा गरेको सुसमाचारलाई गम्भीररूपमा लिनुपर्छ। किनभने उहाँमात्र हामीहरूको उपासनाको योग्य हुनुहुन्छ।"-रान्को स्टेफामोभिक, *रिभलेशन अभ जिसस क्राइस्टः कमेन्टरी अन द बुक अभ रिभलेशन* (बेरियन स्प्रिङ्गस्, मिशिगनः आन्ड्र्यु युनभर्सिटी प्रेस, २००२) पृ. ४४४,४४५बाट रूपान्तरित।

## ४. बाइबल अध्ययन र सङ्गति

**येशूको मृत्यु र पुनरुत्थानपछि उहाँ प्रत्यक्षरूपमा चेलाहरूसँग रहनुभएको थिएन। तैपनि उहाँका चेलाहरू र उहाँलाई विश्वास गर्ने अरू भक्तजनहरूमा जोश, जाँगरका साथ परमेश्वरको आराधना तथा सेवासङ्गति गरेका थिए। तिनीहरूमा यस्ता केही के तत्वहरू थिए जसले गर्दा सबै विश्वासीहरू एकै मनका भएर परमेश्वरको उपासना गरे? हेर्नुहोस्, प्रेरित २:४२ "तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।"**

"तिनीहरू निरन्तररूपमा येशूका चेलाहरूले सिकाएका शिक्षामा र सङ्गतिमा लागिरहे" (प्रेरित २:४२ रूपान्तरित)। परमेश्वरको उपासना, पूजा वा आराधनाको केन्द्रविन्दु परमेश्वरको वचनको अध्ययन हुनुपर्छ। सुरुको चर्चदेखि नै प्रेरितद्वारा परमेश्वरले दिनुभएको वचनहरू येशूका विश्वासीहरू लगनशीलताका साथ अध्ययन गर्दथे भनेर ती विश्वासीहरूको स्वभावलाई चित्रण गरिएको छ। येशू ख्रीष्ट नै मसीह हुनुहुन्छ भन्ने तथ्य सत्य हो कि होइन भनेर बाइबल अर्थात् त्यसबेला भएको पुरानो करार र प्रेरितहरूका वचनहरूलाई केलाएर सुरुका विश्वासीहरू सँगसँगै अध्ययन गर्दथे। तिनीहरू निरन्तररूपमा सङ्गति गर्दै परमेश्वरले दिनुभएको आशिषहरू बाँडद्थे र परमेश्वरसँग आत्मिकरूपमा बलियो भएर कसरी हिंड्ने भनेर एक आपसमा हौशला दिन्थे। खानीमा अमूल्य पत्थरहरू खोजे जस्तै तिनीहरू परमेश्वरको वचनमा पवित्र सत्यहरू खोज्दथे र तिनीहरूको अध्ययनबाट निस्केको सत्य आत्मज्ञान नै संसारलाई दिने सन्देशको जग हुन पुगेको थियो।

कतिपय इसाईहरू चर्च नगइकन वा अरू कसैसँग पनि प्रार्थना र बाइबल अध्ययन सङ्गति नगरिकन एक्लै बस्न रूचाएको पाइन्छ। तर देहायका पदहरू पढ्नुहोस् र आफैलाई सोध्नुहोस् अरू विश्वासीहरूसँग मिलेर वा सङ्गति गर्दै परमेश्वरको वचन अध्ययन गर्नु कतिको महत्त्वपूर्ण रहेछ। एक्लो होइन सामूहिक सतसङ्ग गर्नु इसाई भनेर दावी गर्नेहरूको हितको लागि हो भनेर किन ठान्नुपर्छ? हेर्नुहोस्ः २ राजा २२ः८-१३ "८ प्रधान पूजाहारी हिजकियाले सचिव शापानलाई भने, "मैले परमप्रभुको मन्दिरमा व्यवस्थाको पुस्तक भेट्टाएको छु।" तिनले त्यो शापानलाई दिए, र तिनले त्यो पढे। ९ तब सचिव शापान राजाकहाँ गएर तिनलाई भने, "हजूरका अधिकारीहरूले परमप्रभुको मन्दिरमा भएको रकम लिएर मन्दिरमा काम गर्नेहरू र कामको हेरचाह गर्नेहरूलाई दिएका छन्। १० त्यसपछि सचिव शापानले राजालाई यो सूचना दिए, "प्रधान पूजाहारी हिजकियाले मलाई एउटा पुस्तक दिएका छन्।" अनि शापानले त्यो राजाको सामुन्ने पढेर सुनाए। ११ जब राजाले व्यवस्थाको पुस्तकमा लेखिएका कुरा सुने, तब तिनले आफ्ना लुगा च्याते। १२ तिनले पूजाहारी हिल्कियाह, शापानका छोरा अहीकाम, मीकायाका छोरा अक्बोर, सचिव शापान र राजाका टहलुवा असायाहलाई यो हुकुम गरेः १३ "मेरो आफ्नै लागि, प्रजाको लागि र सबै यहूदाको लागि यो फेला पारेको पुस्तकमा के लेखिएको छ भनी गएर परमप्रभुसित सोधपूछ गर। हाम्रा विरुद्धमा परमप्रभुको भयानक रीस उठेको छ, किनभने हाम्रा पिता-पुर्खाहरूले यस पुस्तकका वचनहरू पालन गरेका छैनन्। हाम्रा विषयमा त्यहाँ लेखिएका सबै कुराअनुसार तिनीहरूले व्यवहार गरेका छैनन्।" , प्रेरित १७ः१०-१२ "१० भाइहरूले तुरुन्तै पावल र सिलासलाई राती नै बेरिया पठाइदिए, अनि जब तिनीहरू त्यहाँ पुगे तब तिनी यहूदीहरूको सभाघरभित्र गए। ११ यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। १२ यसकारण यिनीहरूमध्ये धेरैले, साथै निकै जना उच्च घरानाका ग्रीक महिलाहरूले र पुरुषहरूले समेत विश्वास गरे।" र २ तिमोथी ३ः१४-१७ "१४ तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ। १५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो

**सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।"**

"जहाँ जहाँ सुसमाचारको सत्यतालाई बेरियाको प्रान्तमा प्रचार गरियो त्यहाँ त्यहाँ भित्री हृदयदेखि नै ठिक बाटोमा इमान्दारितासाथ हिँड्न चाहने मानिसहरू थिए जसले पवित्र धर्मशास्त्र लगनशीलताका साथ अध्ययन गर्न तत्पर भएका थिए। यदि संसारको इतिहासको दृश्य बन्द गर्ने समयमा पनि बेरियनका विश्वासीहरूको अनुसरण गरेको भए कति असल हुन्थ्यो। जब सत्य सुसमाचारलाई तिनीहरूको बीचमा प्रचार गरिएको थियो तब तिनीहरू दिनदिनै तिनीहरूको बीचमा ल्याइएको त्यो समाचार सत्य हो कि होइन भनेर धर्मशास्त्रमा खोज्दथे। तिनीहरू परमेश्वरको वचनसँग तिनीहरूले सुनेका वचनहरू तुलना गर्थे। यथार्थमा यदि येशूका विश्वासी भनेर दावी गर्नेहरू ती बेरियनहरू जस्तै भएको भए आज धेरै मानिसहरू परमेश्वरको व्यवस्था वा दश आज्ञाप्रति बफादारी हुन्थे। तर बेरियन जस्ता विश्वासीहरू नहुँदा तुलनात्मकरूपमा आज थोरैमात्र येशूका इमान्दारी विश्वासीहरू छन्।"-एलेन जी ह्वाइट, *द आक्टस अभ आपोस्टल्स,* पृ. २३२बाट रूपान्तरित।

हामीले घोषणा गर्ने सत्यले गर्दा हामी एडभेन्टिस्टहरू एक छौं। हामीले पाएका सत्यहरू परमेश्वरको वचनमा पाउँछौं। सुरुको चर्चमा त्यो कुरो सत्य थियो भने अहिले पनि त्यो सत्य साबित भएको छ। यस संसारमा तीन स्वर्गदूतका सन्देशहरू फैलाउन बोलाइएका हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई एक बनाउने र परमेश्वरको आराधना गर्ने मूल तत्व नै परमेश्वरको वचनको अध्ययन गर्नु हो। जब सङ्गति र परमेश्वरको आराधना गर्न परिवार जस्तै भएर भेला हुन्छौं र परमेश्वरको वचन पढ्छौं तब उहाँले हामीहरूलाई उहाँको वचनद्वारा बोल्नुहुन्छ र हामीहरूको लक्ष्यमा चल्न र येशूको आगमनको निम्ति तयार हुन उहाँले हामीलाई अगुवाई गर्नुहुन्छ।

**हामी एडभेन्टिस्ट भएर चल्दा हामीमा विभिन्न शिक्षादीक्षाहरू छन् जुन अरू विश्वासीहरूभन्दा कतिपय कुराहरूमा भिन्न छन्। तपाईंले सिक्नुभएको एडभेन्टिस्ट शिक्षा वा सिद्धान्तमा विश्वास गर्न तपाईं कतिको बलियो हुनुहुन्छ? अर्थात् के तपाईं परमेश्वरप्रतिको आस्थामा त्यस्तो बलियो हुनुहुन्छ जस्तै ती तीन जना यहूदी युवाहरू थिए जो मृत्युको सामना गर्नुपरेता पनि तिनीहरू आफ्नो आस्थामा अलिकति पनि पछि हटेनन्?**

## ५. रोटी भाँच्न र प्रार्थनामा लागिरहनु

सुरुको चर्चको जीवन अहिले हामीले सोचेको भन्दा रमाइलो, सजिलो र सबै ठिक ठिक थिएन। त्यसुबेलाका विश्वासीहरूले धेरै चुनौति, धम्की र मृत्युको सामना गर्नु परेको थियो। तैपनि तिनीहरूमा येशू ख्रीष्टप्रतिको साझा विश्वास थियो र येशूले तिनीहरूलाई दिनुभएको संसारमा सुसमाचार फैलाउने जिम्मेवारी निर्वाह गर्न तिनीहरू एक भएका थिए। पत्रुसले आफूहरूले पाएको सुसमाचारलाई वर्तमान वा समयसापेक्षिक सत्य भनेर सम्बोधन गरेका थिए (२ पत्रुस १:१२)। यसरी सत्यमा तिनीहरू एक भएको कारण विभिन्न तरिकाहरूद्वारा तिनीहरूको एकतालाई व्यक्त गरेका थिए।

"र तिनीहरू रोटी भाँच्न (वा खानपिनमा) र प्रार्थनाहरूमा निरन्तररूपमा लागिरहे" (प्रेरित २:४२)। यो रोटी भाँच्ने भनेर उल्लेख गरिनुको अर्थ शायद तिनीहरू सङ्गति गर्नेबेलामा मिलिजुलि खाने वा विश्वासीहरू एक आपस मिलेर नियमित खानपिन गर्ने हुनसक्छ। सङ्गति हुनेबेलामा खानपिनको समयमा ती खाने र पिउने कुरामा कसैले विशेष प्रार्थना गर्दथे। तिनीहरूले येशूको मृत्यु र पुनरुत्थानलाई सम्झँदै र उहाँको छिटो आगमनको अपेक्षा गर्दै खानपिनमा प्रार्थना गर्दथे। सुरुका इसाईहरू आफ्नो समय येशू आउनुको अर्थ र उहाँको सेवाकार्यको बारेमा सम्झन समय दिन रुचाउँथे। खानपिनको समयमा उहाँको बारेमा चर्चा गर्न असाध्य मन पराउँथे। तिनीहरूले एक आपसमा बाँडेर खाएको खाना नै तिनीहरूको आराधनाको समय हुन गएको थियो। "४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।" (प्रेरित २:४६,४७)। त्यसैले गर्दा जब मिलिजुली सङ्गति गर्दथे तब येशूमा तिनीहरूको विश्व”स बलियो हुन बल पुग्थ्यो।

**सुरुका चर्चका विश्वासीहरू सँगसँगै मिलेर प्रार्थना गरेका केही उदाहरणहरू हेर्नुहोस्। तिनीहरू के को निम्ति प्रार्थना गर्दथे? प्रेरित १:१२-१४ "१२ तब तिनीहरू जैतून भनिने पहाड़बाट यरूशलेम फर्के। यरूशलेमदेखि यो पहाड प्रायः एक किलोमिटर जति टाढ़ा पर्छ। १३ सहर भित्र पसेपछि तिनीहरू माथिल्लो तलाको आफू बस्ने कोठामा उक्ले। तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो**

याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा थिए। १४ कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।", प्रेरित ४:२३-३१ "२३ छुटकारा पाएर तिनीहरू आफ्ना साथीहरूकहाँ आए, र मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले भनेका सबै कुराहरू उनीहरूलाई बताइदिए। २४ जब तिनीहरूले यो सुने, तब तिनीहरूले एकसाथ परमेश्वरतिर आफ्ना सोर उचाली भने, "हे प्रभु, जसले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा भएका यावत् थोक बनाउनुभयो, २५ जसले पवित्र आत्माद्वारा आफ्ना सेवक हाम्रा पुर्खा दाऊदका मुखबाट भन्नुभयो, 'अन्यजातिहरू किन झोकिए, र मानिसहरूले व्यर्थका कुराहरू किन कल्पना गरे? २६ परमप्रभुको विरुद्धमा र उहाँका अभिषिक्त जनको विरुद्धमा पृथ्वीका राजाहरू खड़ा भए, र शासकहरू एकसाथ भेला भए।' २७ किनभने साँच्चै तपाईंले अभिषेक गर्नुभएका, तपाईंका पवित्र सेवक येशूको विरुद्धमा हेरोद र पन्तियस पिलातस दुवै जना, अन्यजाति र इस्राएलीहरूसँग यसै सहरमा भेला भएका थिए। २८ त्यही गर्नलाई जे तपाईंको बाहुलीबाट र तपाईंको योजनाअनुसार अघिबाटै ठहराइएको थियो। २९ अब हे प्रभु, तिनीहरूका धम्कीमाथि नजर गर्नुहोस्, र तपाईंका दासहरूलाई पूरा साहससित तपाईंको वचन बोल्न दिनुहोस्, ३० र निको पार्नलाई तपाईंले आफ्नो बाहुली फैलाउनुहुँदा, आफ्ना पवित्र सेवक येशूको नाउँद्वारा चिन्ह र आश्चर्य कामहरू होऊन्।" ३१ तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्वरको वचन बोले।" र प्रेरित १२:५-१२ "५ यसरी पत्रुस झ्यालखानमा राखिए, तर तिनको निम्ति मण्डलीले परमेश्वरलाई बड़ो जोशसँग प्रार्थना गरिरहेको थियो। ६ हेरोदले तिनलाई बाहिर निकालिल्याउन खोजेकै रात, पत्रुस दुई वटा साङ्लाले बाँधिएर दुई जना सिपाहीहरूका बीचमा सुतिरहेका थिए। सिपाहीहरू पनि ढोका अगिल्तिर उभिएर झ्यालखानको पहरा दिइरहेका थिए। ७ अचानक प्रभुका एउटा स्वर्गदूत त्यहाँ देखा परे, र कोठरीमा ज्योति चम्क्यो। स्वर्गदूतले पत्रुसलाई कोखामा हिर्काए अनि "छिटो उठ" भनेर तिनलाई जगाए। तब साङ्लाहरू तिनका हातबाट फुस्केर खसे। ८ स्वर्गदूतले तिनलाई भने, "लुगा लगाऊ, र जुत्ता लाऊ।" तब तिनले त्यसै गरे। उनले तिनलाई भने, "खास्टो ओढ़ेर मेरो पछिपछि लाग।" ९ अनि तिनी निस्केर उनको पछिपछि लागे। स्वर्गदूतबाट गरिएको कुरो साँच्चीकै हो भन्ने तिनलाई थाहै भएन। तर दर्शन

**देख्दैछु भनी तिनले ठाने। १० जब पहिलो र दोस्रो पहरा-टोली नाघेर सहरमा पस्ने फलामे ढोकामा तिनीहरू पुगे, तब त्यो ढोका आफै तिनीहरूका लागि उघ्रियो, र तिनीहरू बाहिर निस्केर एउटा गल्लीको बाटो भएर गए, र तुरुन्तै स्वर्गदूत तिनलाई छोड़ेर गए। ११ जब पत्रुसको होश खुल्यो तब तिनले भने, “अब मलाई साँच्ची नै थाहा भयो, कि प्रभुले आफ्ना दूत पठाउनुभएर हेरोद राजाको हातबाट, र यहूदीहरूले जे गर्न चाहन्थे ती सबैबाट मलाई छुटकारा दिनुभयो।” १२ यो कुरा तिनलाई थाहा भएपछि, तिनी मर्कूस भनिने यूहन्नाकी आमा मरियमको घरमा गए। त्यहाँ धेरै जना जम्मा भएर प्रार्थना गरिरहेका थिए।"**

सुरुका चर्चका विश्वासीहरूले परमेश्वरसँग सिधै सम्पर्क गर्ने अवसरलाई हृदयमा राखेका थिए। जब तिनीहरू सङ्गतिमा भेला भए तब तिनीहरूले आफ्नो दुःख परमेश्वरलाई पोखाउन कहिल्यै पनि छोडेको थिएन। जब इसाईहरू भेला हुन्छन् तब प्रार्थना कतिको महत्त्वपूर्ण छ भनेर पावलले तिमोथीलाई लेख्दछन् ("सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरूका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढ़ाइऊन्" १ तिमोथी २:१)। प्रार्थना गरिरहने एफिसीका विश्वासीहरूलाई पनि जोड दिएर पावलले लेख्दछन्: "१८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो। १९ मेरो निम्ति पनि प्रार्थना गर, कि जब म आफ्नो मुख खोल्छु तब मलाई वचन दिइओस्, र म निर्भयतासाथ सुसमाचारको रहस्य घोषणा गर्न सकूँ, २० जसको निम्ति म साङ्लाले बाँधिएको एक राजदूत हुँ, र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी म साहससँग बोल्न सकूँ।" (एफिसी ६:१८-२०)।

**जब हामी सबै साझा कारणको निम्ति सबैजना मिलेर प्रार्थना गर्छौं तब हामी एक आपसमा गहिरो एकता भएको अनुभव गर्दछौं। हामी चर्च भएको हैसियतले प्रार्थनाले एकतालाई कसरी जगाउँछ?**

## उपसंहारः

थप जानकारीको निम्ति एलेन जी ह्वाइट इन्साइक्लोपिडियाको पृ. १०४४-१०४६को "प्रार्थना" र पृ. १२९०,१२९१को "वर्शिप" लेख पढ्नुहोस्।

"सृष्टिको सम्झनाको निम्ति स्थापना भएको साबथ अत्यन्त महत्त्वपूर्ण छ। यसले परमप्रभु सनातन परमेश्वर पिताले पाउनुपर्ने हामीहरूको आराधना,

उपासना र दण्डवतको सत्य कारण हामीहरूको सामु सधैं खडा गरिराख्छ। परमेश्वर सृष्टिकर्ता र हामी उहाँका सृष्टि हौं भनेर साबथले प्रमाणित गर्दछ। त्यसकारण परमेश्वरलाई पूज्नुपर्ने खास जग साबथ हो। परमेश्वरलाई पूज्नुपर्ने महान् सत्यतालाई साबथले प्रभावकारी रूपमा सिकाउँदछ। साबथ बाहेक अरू कुनै निकाय वा तत्व छैन जसले सृष्टिकर्ता परमेश्वरलाई पूज्नुपर्ने कारणलाई देखाउँदछ। परमेश्वरको आराधना गर्ने सहि आधार केवल सातौं दिन भनेर मान्नेमात्र नभएर परमेश्वरले नै तोक्नुभएको साबथमात्र हो जसले सृष्टिकर्ता र सृष्टिलाई छुट्याउँछ अर्थात् सृष्टि वा कुनै पनि मानिस सृष्टिकर्ता परमेश्वर हुन सक्दैन भनेर देखाउने मूल आधार नै साबथ हो। त्यसकारण परमेश्वरले पाउनुपर्ने हामीहरूको सबै खालका आराधना, उपासना, भक्तिको सही आधार साबथ हो। यो महान् तथ्य कहिल्यै पनि लुप्त हुँदैन वा हराउँदैन न त कहिल्यै पनि बिर्सनुहुन्छ।"-जे. एन. आन्ड्र्युज, *हिस्टोरी अभ द साबथ,* अध्याय २७बाट रूपान्तरित। मानिसहरूको दिमागमा सदा सर्वदा यो सत्य छाप राखिराख्न परमेश्वरले साबथलाई अदनको बगैंचामा स्थापना गर्नुभएको थियो। जबसम्म उहाँ हामीहरूको सृष्टिकर्ता हुनुहुन्छ भनेर स्वीकार गर्दछौं तब सम्म निरन्तररूपमा उहाँ हाम्रो आराधना, उपासनाको योग्य ठहरिने कारण ठहरिरन्छ। परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र हामी सृष्टि हौं भनेर देखाउने साबथ स्मारक र चिन्हको रूपमा अनन्तसम्म रहिरहनेछ। यदि विश्वव्यापी रूपमा साबथलाई पालन गरिरहेको भए मानिसहरूको सोच र प्रेम परमेश्वरतिर निर्देशित भइरन्थ्यो र उहाँ मानिसहरूको श्रद्धा र आराधनाको केन्द्रविन्दु भइरहन्थ्यो। त्यसको फलस्वरूप मानिस कहिल्यैपनि मूर्ति पूजामा लाग्ने थिएन न त नास्तिक न त अनिस्वरवादी हुन्थ्यो। कोही मानिस सत्य परमेश्वरप्रति बफादार भएको छ भनेर देखाउने चिन्ह नै साबथलाई पालन गरेर देखाउनु हो। "स्वर्ग, पृथ्वी, र समुद्र र पानीका मुहानहरू सृष्टि गर्नुहुनेलाई दण्डवत गर" भनिएको छ। मानिसहरूले परमेश्वरको पूजा गर भन्ने आदेश र उहाँका आज्ञाहरू पालन गर भन्ने सन्देशमा विशेष गरेर दश आज्ञाको चौथौं आज्ञालाई पालन गर्न तिनीहरूलाई आह्वान गरिएको छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४३७, ४३८बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) **बाइबल अनुसार आराधना, सृष्टि र मुक्तिको धारणा नजिकै बुनिएकोले गलत तत्वलाई आराधना गर्ने प्रवृत्तिलाई हटाउन साबथको पर्व परमेश्वरको अचुक औषधी किन हुनसक्छ? प्रकाश १४:६,७मा उल्लेख गरिएको अन्तिम समयको भविष्यवाणीमा साबथले कस्तो भूमिका खेल्दछ? पहिलो स्वर्गदूतको सन्देशमा साबथको गौरबको आभास् किन दिइएको छ?**

आ) **परमेश्वरको आराधना गर्ने समयमा के गर्नुहुन्छ के गर्नु हुन्न भनेर प्रायजसो हामी चिन्ता गर्छौं। के परमेश्वरको आराधना गर्नेमा केवल ती कुराहरूमात्र गरेर पुग्छ? तपाईंको स्थानीय चर्चमा गरिने आराधना सेवाकार्य कतिको आत्मिकरूपमा अर्थपूर्ण छ?**

इ) **कतिपय इसाई समाजमा परमेश्वरको आराधना गर्ने, एक आपसमा सङ्गति गर्ने, प्रार्थना गर्ने जस्ता आत्मिक जीवनमा चाहिने प्रक्रियाहरू बिस्तारै बिर्सिरहेको पाइन्छ। कतिपय सेभेन्थ-डे एडभेन्टिस्ट समाजमा पनि परमेश्वरको आराधना गर्नुपर्ने आवश्यकता सेलाएको पाइन्छ। के तपाईंको स्थानीय चर्चमा त्यस्तो प्रवृत्ति भएको तपाईंले पाउनुभएको छ?**

**सारांशः** परमेश्वरले मुक्तिको उपहार दिनुभएकोमा त्यसप्रति कृतज्ञता व्यक्त गर्न येशूभक्तहरूले परमेश्वरको आराधना, स्तुति, प्रशंसा र उपासना गर्दछन्। यदि इसाईहरूको माझमा एकता कायम राखिरहने हो भने विश्वासीहरू मिलेर परमेश्वरको आराधना गर्नु अत्यन्त अनिवार्य छ। यदि कुनै पनि येशूभक्तको समूह वा व्यक्तिगत नै किन नहोस्, परमेश्वरले हामीलाई दिनुभएको सत्यज्ञान जान्न  बाइबल अध्ययन गर्ने भोक वा इच्छा भएन भने र प्रार्थना गरेन भने त्यो व्यक्ति वा समूह ख्रीष्टसँग भएको एकता मासिनेछ।

## कथा ११
## विश्वासद्वारा जिउनु
## योयो शिमरे, ३३ थाइलाण्ड

**बैवाहिक जीवन अत्यन्त गडबड हुनसक्छ।**

भारतबाट आएको योयो हाई स्कूलमा पढाउँथ्यो। त्यो हाईस्कूल थाइल्याण्डको राजधानी बैङ्ककमा छ। उनको श्रीमती फिलिपिन्स मूलकी हुन्। उनी पाँच घन्टा टाढाको सहर कोराट भन्ने ठाउँमा सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा पढाउँथिन्। तिनीहरूको सानो छोरा आमासँगै कोराटमा रहन्थ्यो।

सुरुसुरुमा त आफ्नी श्रीमती टाढाको स्कूलमा पढाएतापनि योयोले सहयोग गर्दथ्यो। बैङ्कको प्राइभेट स्कूलमा कम्प्युटर सिकाएर उसले राम्रै पैसा कमाउँथ्यो। त्यस बाहेक बेलाबेलामा भइरहने आइटी सेमिनारमा पनि उसले पढाउँथ्यो। त्यसले गर्दा उसलाई झन आम्दानी हुन्थ्यो। त्यसैले उनकी श्रीमती कार्ला कोराटले सहरमा भएको एडभेन्टिस्ट इन्टरनेशनल मिसन स्कूलमा काम पाएको थाहा पाउँदा पनि उसले बैङ्ककमै बस्ने निर्णय गरेको थियो।

तर आफ्नी श्रीमती धेरै टाढा र आफू अर्कै ठाउँमा बस्नुपर्दा श्रीमतीसँग छुटेर बसेको योयोलाई मन परेन। बैङ्ककमा हप्ताको पाँचदिन काम गरेर धेरै पैसा कमाएतापनि हरेक शनिबार र आइतबार आफ्नी श्रीमतीसँग रहन धेरै टाढा गइरहन उसलाई मन परेन। आइतबार बेलुका हतारहतार गरेर बैङ्कक आउनुपर्थ्यो। त्यसकारण उसले कोराटमा काम पाउँछ कि भनेर त्यहाँ काम खोज्न थाल्यो। तर त्यहाँ काम पाउन सजिलो थिएन। आफू धेरै काममा योग्य भएको योयोले ठानेको थियो। बैङ्ककमा उसले धेरै काम पाएको थियो तर कोराटमा उसलाई कसैले पनि काम दिएनन्।

उसले धेरै ठाउँहरूमा पढाउन दर्खास्त दियो। तर कुनै स्कूलले पनि उसलाई लिएन। एक फेरा कोराटको एउटा स्कूलले योयोले काम गरेको स्कूलमा उसको बारेमा जानकारी लिन खोज्दा योयोले त्यस स्कूलमा काम गर्ने सम्झौता गरेको छ भनेर जवाफ दियो। तिन वर्षसम्म कोराटमा काम गर्ने कोशिश उसले गर्‍यो तर योयोले काम पाएन।

आफ्नो जीवनको प्राथमिकताको बारेमा योयोले सोच्न थाल्यो। ऊ भारतमा एडभेन्टिस्ट चर्चको पास्टरको परिवारमा हुर्केको थियो। तर जव उसले कलेजको पढाई सक्यो तब उसले साबथको बारेमा ध्यान दिन छोड्यो। थाइलान्डमा बसेकी  उनको दिदीले उसलाई बोलाएपछि ऊ त्यहीं बस्न गयो। अनि फिलिप्पिन्सकी एडभेन्टिस्ट महिला कार्लासँग उसको भेट भयो तब उनैसँग

उसको बिबाह भयो। आफू पास्टरको छोरो भएकोले आफूलाई चर्च जान बाध्य भएको जस्तो गरेर चर्च जान्थ्यो तर परमेश्वरप्रति उसको झुकाव भएकोले ऊ चर्च गएको थिएन।

अन्तमा परमेश्वरलाई विश्वास गर्ने कि नगर्ने दोसाँधमा उभिरहेको बेलामा प्रार्थना गऱ्यो, "हे प्रभु म आत्मिक जीवनमा स्पष्ट हुन चाहन्छु। मेरो आफ्नै शक्तिले निर्णय गर्न सक्दिनँ। तपाईंतिर फेरि म आउन चाहन्छु।" अनि उसले बैङ्कको कामबाट राजिनामा दियो र कोराटमा सऱ्यो। ऊ जीवनमा पहिलो पल्ट आफ्नी श्रीमतीको तलबमा भर पर्न पुग्यो।

***दुई महिनासम्म पनि काम नपाउँदा ऊ निराश हुन थालेको थियो।***

"म आजित भएको थिएँ र आफूसँग रिस पनि उठ्न थालेको थियो। म काममा लागिरहन्थें र आफू ठूलो भएको ठान्थें। तर कोराटमा बिना काम बस्नुपर्दाको जीवन अत्यन्त निराशमय थियो" योयोले भन्यो।

एक दिन एडभेन्टिस्ट इन्टरनेशनल मिशन स्कूलको प्रिन्सिपलले आफ्नो स्कूलमा कम्प्युटर सिकाउने शिक्षकको खाँचो भएको कुरा उसलाई सुनाए र त्यसको लागि योयो ठिक योग्य भएको पनि भने। तर त्यो काम स्वयम्सेवकको काम भएकोले तलब नपाउने पनि प्रिन्सिपलले सुनाए।

योयोले नसोचिकनै त्यो काम खुशीसाथ गर्ने निर्णय गऱ्यो। तलब नै नपाएतापनि काम गर्ने आफ्नो इच्छा व्यक्त गऱ्यो। तिन हप्तासम्म बिना तलब उसले काम गऱ्यो। पछि उसलाई पूरै कम्प्युटर शिक्षक बनाइयो र उसलाई नयाँ आइटी मानेजरको काम दिइयो।

आज परिवारलाई धान्ने व्यक्ति योयोमात्र हुन पुगेको छ। जब कार्लाले दोस्रो छोरो जन्माइन् तब उनले आफ्नो काम छोडिन् र घरमा आफ्ना छोराहरूलाई पढाउने निर्णय गरिन्। पहिलाभन्दा आम्दानी योयोको परिवारको थियो तैपनि अहिले जस्तो योयो पहिला कहिल्यै पनि खुशी थिएन।

"घरमा मैलेमात्र पैसा कमाउँछु तर हामीसँग खानाको कहिल्यै अभाव भएन। यसले गर्दा परमेश्वरमाथि मेरो आस्था पहिले कहाँ थियो भनेर अचम्म मान्दै सोध्दछु" योयोले भन्यो।उसलाई असाध्यै मन पर्ने बाइबलको पदचाहीं फिलिप्पी ४:१३ हो जसमा लेखिएको छ "ख्रीष्टले मलाई बलियो बनाउनु भएकोमा म जे पनि गर्न सक्छु।" (रूपान्तरित)। "परमेश्वरको निम्ति काम गर्न पाएकोमा मलाई धेरै खुशी लाग्छ" उसले थप्छ।

यस त्रैमासिक भेटीको केही भाग ९ कक्षासम्म भएको एडभेन्टिस्ट इन्टरनेशनल मिशन स्कूललाई १२कक्षामा पुऱ्याउन नयाँ भवन बनाउन सहयोग मिल्नेछ। तपाईंको भेटीको निम्ति धन्यवाद।

लेखकः ***आन्ड्र्यु मेकचिस्ने***